राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं

# कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा सम्बन्धी दरखास्त आह्वानको सूचना

सूचना नं ५/०८२/८३

प्रकाशन मितिः २०८३/०३/१९ गते शुक्रबार

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा रिक्त रहेका देहायका पदहरुमा लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गरिने भएकोले २०८२ असार मसान्तसम्म राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०८२ मा भएको व्यवस्था बमोजिम न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुरा गरेका सम्भाव्य उम्मेदवारहरुले शैक्षिक योग्यताको प्रमाणपत्र लगायत आवश्यक कागजातका प्रतिलिपिहरु स्वयम्ले प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तोकिए बमोजिमको दरखास्त फाराम भरी कम्पनीको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौंमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तोकिएको म्याद भित्र रीतपूर्वक दरखास्त फाराम तथा अन्य आवश्यक कागजातहरु प्राप्त नभएको कारणबाट बढुवामा असर पर्न गएमा सम्बन्धित कर्मचारीनै जवाफदेही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। दरखास्त फाराम कम्पनीको वेबसाइट https://rbs.gov.np/application-forms बाट डाउनलोड गर्न सकिनेछ।

| बढुवाको सूचना नं. | पद | तह | सेवा | समूह | रिक्त पद संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| ०१/२०८२/८३ | नायब प्रमुख कार्यकारी अधिकृत | ११ | समूहीकृत नहुने | | १ | २५०० |
| ०२/२०८२/८३ | मुख्य व्यवस्थापक | १० | | | ५ | २५०० |
| ०३/२०८२/८३ | व्यवस्थापक | ९ | प्राविधिक | सूचना प्रविधि | १ | २००० |
| ०४/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | प्रशासन | ४ | २००० |
| ०५/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | लेखा | २ | २००० |
| ०६/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | सि.ए. | १ | २००० |
| ०७/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्राविधिक | सूचना प्रविधि | १ | २००० |
| ०८/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | प्रशासन | ५ | १२०० |
| ०९/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | लेखा | ४ | १२०० |
| १०/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | कानून | १ | १२०० |
| ११/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | सि.ए. | १ | १२०० |
| १२/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | ३ | १२०० |
| १३/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | २ | १२०० |
| १४/२०८२/८३ | बरिष्ठ सहायक | ५ | प्रशासन | लेखा | ७ | ७०० |

| बढुवाको सूचना नं. | पद | तह | सेवा | समूह | रिक्त पद संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १५/२०८२/८३ | बरिष्ठ सहायक | ५ | प्राविधिक | एक्चुरी | १ | ७०० |
| १६/२०८२/८३ | बरिष्ठ सहायक | ५ | प्राविधिक | सूचना प्रविधि | १ | ७०० |

सदस्य सचिव

पदपूर्ति समिति

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं

# आन्तरिक प्रतियोगितात्मक परीक्षाको Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

सूचना नं ६/२०८२/८३

प्रकाशन मितिः २०८३/०३/१९ गते शुक्रबार

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा रिक्त रहेका देहायका पदहरुमा लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा बढुवा गरी पदपूर्ति गरिने भएकोले देहायका पदमा दरखास्त दिने अन्तिम मितिमा बढुवा हुने तह भन्दा एक तह मुनिको पदमा राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०८२ मा भएको व्यवस्था बमोजिम न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरुले आवश्यक कागजात तथा प्रमाणपत्रका प्रतिलिपिहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र beemavacancy.com वा direct link 'rjbcl.beemavacancy.com' मा गई तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी तोकिएको दरखास्त दस्तुर अनलाइन प्रणालीमा रहेको eSewa मार्फत जम्मा गरी अनलाइन दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

म्यादभित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन । लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिनेछ । पाठ्यक्रम कम्पनीको वेबसाईट https://rbs.gov.np/syllabus बाट डाउनलोड गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | रिक्त पद संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १७/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | प्रशासन | १ | २००० |
| १८/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | लेखा | १ | २००० |
| १९/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | प्रशासन | २ | १२०० |
| २०/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | लेखा | १ | १२०० |
| २१/२०८२/८३ | नायब व्यवस्थापक | ७ | प्रशासन | सि.ए. | १ | १२०० |
| २२/२०८२/८३ | बरिष्ठ सहायक | ५ | प्रशासन | लेखा | ३ | ७०० |
| २३/२०८२/८३ | बरिष्ठ सहायक | ५ | प्राविधिक | सूचना प्रविधि | १ | ७०० |

सदस्य सचिव
पदपूर्ति समिति

## राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
### प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं

### खुला प्रतियोगितात्मक परीक्षाको Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

सूचना नं ७/०८२/८३

प्रकाशन मिति: २०८३/०३/१९ गते शुक्रबार

लोक सेवा आयोगको सहमति अनुसार राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा रिक्त रहेका देहाय बमोजिमका पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र तथा तोकिए बमोजिमको शैक्षिक योग्यता लगायत यस सूचनामा उल्लेखित अन्य कागजात तथा प्रमाणपत्रका प्रतिलिपिहरु समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन (२०८३/०४/०७) र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन (२०८३/०४/०१४) भित्र दरखास्त फाराम भरी अनलाइन प्रणालीमा रहेको eSewa मार्फत तोकिएको दस्तुर जम्मा गरी अनलाइन दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । तह-४, सहायक पद, प्रशासन सेवा, लेखा समूहको एकीकृत परीक्षाको हकमा beemavacancy.com वा direct link 'unified.beemavacancy.com' मार्फत तथा अन्य सबै पदको हकमा beemavacancy.com वा direct link 'rjbcl.beemavacancy.com' मा गई अनलाइन दरखास्त पेश गर्नुपर्नेछ ।

रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नभई पेश हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन । लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिनेछ । विज्ञापन भएका पदहरुको पाठ्यक्रम कम्पनीको वेबसाइट https://rbs.gov.np/syllabus बाट डाउनलोड गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | खुला र समावेशी | पद संख्या | जम्मा पद संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| २४/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | प्रशासन | खुला | १ | १ | २०००।- |
| २५/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | खुला | ३ | ६ | प्रत्येक विज्ञापन पदका लागि दरखास्त दस्तुर रु. १,२००।– र थप प्रत्येक समावेशी समूहको लागि थप दस्तुर रु ४००।– बुझाउनु पर्नेछ । |
| २६/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | महिला | १ | | |
| २७/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | आ.ज. | १ | | |
| २८/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | मधेसी | १ | | |
| २९/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | खुला | २ | ४ | |
| ३०/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | महिला | १ | | |
| ३१/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | आ.ज. | १ | | |
| ३२/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | कानून | खुला | १ | १ | |

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | खुला र समावेशी | पद संख्या | जम्मा पद संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| ३३/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | सि.ए. | खुला | २ | ४ | |
| ३४/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | सि.ए. | महिला | १ | | |
| ३५/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | सि.ए. | आ.ज. | १ | | |
| ३६/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्राविधिक | एक्चुरी | खुला | १ | १ | |
| ३७/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्राविधिक | सूचना प्रविधि | खुला | १ | १ | |
| RJBCL-३८/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | खुला | ८ | १४ | प्रत्येक विज्ञापन पदका लागि दरखास्त दस्तुर रु. ८००।– र थप प्रत्येक समावेशी समूहको लागि थप दस्तुर रु २००।– बुझाउनु पर्नेछ । |
| RJBCL-३९/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | महिला | २ | | |
| RJBCL-४०/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | आ.ज. | २ | | |
| RJBCL-४१/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | मधेसी | १ | | |
| RJBCL-४२/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | दलित | १ | | |
| ४३/२०८२/८३ | सहायक | ४ | प्राविधिक | एक्चुरी | खुला | १ | २ | |
| ४४/२०८२/८३ | सहायक | ४ | प्राविधिक | एक्चुरी | महिला | १ | | |
| ४५/२०८२/८३ | सहायक | ४ | प्राविधिक | सूचना प्रविधि | खुला | १ | २ | |
| ४६/२०८२/८३ | सहायक | ४ | प्राविधिक | सूचना प्रविधि | महिला | १ | | |

**विज्ञापन सम्बन्धी विशेष सूचना :**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

**क) परीक्षाको किसिमः** चौथो तहको पदमा लिखित, कम्प्युटर सिप परीक्षण तथा अन्तर्वार्ता र अन्य सबै पदहरुमा लिखित र अन्तर्वार्ता हुनेछ । साथै, प्रशासन सेवा, चौथो तह, सहायक पदको हकमा पाठ्यक्रममा उल्लिखित संस्थाहरुको खुला प्रतियोगितात्मक परीक्षाको लागि प्रथम पत्र संयुक्त र द्वितीय पत्र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको स्वीकृत पाठ्यक्रम अनुरुप छुट्टै हुनेछ ।

जीवन बीमा कम्पनी लिमिटेड

ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

| पद | तह | सेवा | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|
| सह-व्यवस्थापक | ८ | प्रशासन | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा तीन बर्ष बीमा क्षेत्रको अनुभव सहित पाँच वर्षको कार्य अनुभव हासिल गरेको । |
| सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको। |
| | | | कानून | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक उत्तीर्ण गरेको र कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको । |
| | | | लेखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा विषय सहित व्यवस्थापनमा स्नातक उत्तीर्ण गरी लेखा/वित्त/वजार शास्त्र विषय सहित व्यवस्थापनमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सहित चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको । |
| | | | सि ए | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सहित चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको । |
| | | प्राविधिक | एक्चुरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट बीमाङ्की विषयमा (Actuarial Science) स्नातक उत्तीर्ण गरी Actuarial statistics (CSI) र Actuarial Mathematics (CMI) सहित तीन Actuarial Professional Exam उत्तीर्ण गरेको । |
| | | | सूचना प्रविधि | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ्ग वा कम्प्यूटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको। |
| सहायक | ४ | प्रशासन | लेखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा विषय सहित स्नातक वा सो सरह उत्तीर्ण गरेको । <br> **नोटः** लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ मा लिईएको संगठित संस्थाहरुको अप्राविधिक तर्फका सहायकस्तर द्वितीय श्रेणी वा चौथो तह वा सो सरहको पदको पूर्वयोग्यता परीक्षामा उत्तीर्ण भई प्रमाणपत्र प्राप्त गरेका उमेदवारहरु प्रमाण पत्र जारी भएको मितिले एक वर्षभित्र सो पदमा दरखास्त पेश गर्न सम्भाव्य उमेदवार हुने भएकोले मान्य अवधि भित्रको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |
| | | प्राविधिक | एक्चूरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट बीमाङ्की विषयमा (Actuarial Science) स्नातक उत्तीर्ण गरेको । |
| | | | सूचना प्रविधि | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ्ग वा कम्प्यूटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको। |

- उपर्युक्त पदहरुमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको Scan copy अनिवार्य रुपमा Upload गर्नुपर्नेछ ।

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

- दरखास्त दिने अन्तिम मिति २०८३/०४/०७, पछि प्राप्त वा जारी भएको शैक्षिक योग्यता, तालिम, कार्यअनुभव, व्यवसायिक परिषदको दर्ता, समावेशीको प्रमाणपत्र जस्ता आवश्यक कागजात मान्य हुने छैन ।
- सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति अनिवार्य Upload गर्नुपर्नेछ ।
- स्नातकोत्तर शैक्षिक योग्यता आवश्यक रहने पदको हकमा सम्बन्धित विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको उम्मेदवारको लागि तोकिएको अनुभवको अवधि दुई वर्षले कम हुनेछ । अनुभवको हकमा प्रतिहप्ता चालिस घण्टा भन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको अनुभव)लाई गणना गरिने छैन ।

**ग) उमेरको हद (दरखास्त दिने अन्तिम मिति २०८३/०४/०७ सम्म):** तह-४, सहायक पदमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको । तह-६, सहायक व्यवस्थापक पदमा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको । महिला र अपाङ्गता भएका उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको । तह-८, सह-व्यवस्थापक पदमा २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको । कम्पनीमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**घ) अयोग्यताः** उम्मेदवार हुन भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सरकारी वा कुनै संगठित संस्थाको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर-नेपाली नागरिक हुनु हुँदैन ।

**ङ) सेवाको प्रकारः** स्थायी ।

**च) निवृत्तभरणः** राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०८२ बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने।

**छ) तलब तथा सुविधाः** कम्पनीको नियमानुसार ।

**ज) परीक्षा हुने मितिः** लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम निर्धारण भए पश्चात् आयोग र कम्पनीको वेबसाइटमा प्रकाशित गरिनेछ ।

**झ) परीक्षण कालः** कम्पनीको नियमानुसार ।

**ञ) काम गर्नुपर्ने स्थानः** कम्पनीका काठमाडौं उपत्यका र काठमाडौं उपत्यका बाहिरका कार्यालयहरु ।

**ट) समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

आदिवासी/जनजाति, मधेशी, अपाङ्ग, दलित आदि समूहका उम्मेदवारहरूले प्रचलित कानून तथा सरकारी नियम बमोजिम आधिकारिक निकायबाट प्रमाणित गराएका प्रमाणपत्रहरू दरखास्त साथ अनलाइन Upload गर्नुपर्नेछ ।

ठ) विज्ञापन अनुसार प्रत्येक पदको लागि दरखास्त फाराम छुट्टाछुट्टै भर्नुपर्नेछ । खुला तथा समावेशी तर्फको लागि एउटै दरखास्त पेश गरे पुग्नेछ ।

ड) दरखास्त अस्वीकृत भएमा फारमहरुको दरखास्त दस्तुर फिर्ता हुने छैन ।

ढ) दरखास्त सम्बन्धी कुनै जानकारी लिनु परेमा राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौंको सम्पर्क नं. ०१-५३६२५२०, Ext: ३१० मा सम्पर्क राख्न सकिनेछ ।

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

सदस्य सचिव
पदपूर्ति समिति